चुलाचुली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चुलाचुली, इलाम

कोशी प्रदेश, नेपाल

पत्र संख्या - ०८०।०८१

च.नं.

## कर्मचारी सेवा करारमा लिने सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०८०।०८।१७**

चुलाचुली गाउँ कार्यपालिकाको मिति २०८०।०८।१४ गतेको निर्णयअनुसार तपशिलको संख्या र योग्यता भएको कर्मचारी करारमा भर्ना गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमको विवरण र यस गाउँपालिकाको राजश्व शाखामा तिरेको रसिद सहित दरखास्त फारम भरी दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या |
|---|---|---|---|---|
| १ | ०२/०८०/०८१ | मेडिकल अधिकृत | अधिकृतस्तर आठौं तह | १(एक) |
| २ | ०३/०८०/०८१ | कृषि प्रसार अधिकृत | अधिकृतस्तर छैठौं तह | १(एक) |
| ३ | ०४/०८०/०८१ | हेल्थ असिष्टेन्ट | सहायक पाचौ तह | २(दुई) |
| ४ | ०५/०८०/०८१ | स्टाफ नर्स | सहायक पाँचौ तह | १(एक) |
| ५ | ०६/०८०/०८१ | ल्याव असिसटेन्ट | सहायक चौथो तह | १(एक) |
| ६ | ०७/०८०/०८१ | हलुका सवारी चालक( एम्बुलेन्स) | श्रेणी विहिन | २(दुई) |
| ७ | ०८/०८०/०८१ | नगर प्रहरी (खुला) | श्रेणी विहिन | २(दुई) |
| ८ | ०९/०८०/०८१ | नगर प्रहरी (महिला) | श्रेणी विहिन | १(एक) |

१. योग्यताः

क) मेडिकल अधिकृतः मान्यता प्राप्त शिक्षण संस्थावाट एमबीबीएस वा सो सरह उपाधि प्राप्त गरेको हुनुपर्नेछ।

ख) कृषि प्रसार अधिकृतः मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी एजि वा सो सरह उपाधि प्राप्त गरेको हुनुपर्नेछ ।

ग) हेल्थ असिष्टेन्टः मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाण पत्र (PCL-GM) तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

घ) स्टाफ नर्सः मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स कोर्स (PCL-Nursing) उत्तीर्ण गरेको हुनुपर्नेछ ।

ङ) ल्याव असिसटेन्टः मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याव असिसटेन्ट कोर्स उत्तीर्ण गरेको हुनुपर्नेछ।

च) हलुका सवारी चालक(एम्बुलेन्स): सवारी चालकको रुपमा न्यूनतम ५(पाँच) बर्षको अनुभव प्राप्त गरि प्राथमिक उपचारको तालिम प्राप्त गरेको हुनुपर्दछ ।

छ) नगर प्रहरीः मान्यता प्राप्त शिक्षण संस्थाबाट एस एल सी, एस ई ई वा सो सरह उत्तिर्ण गरेको हुनुपर्नेछ। नेपाल प्रहरीको जवान पदमा उम्मेदवार हुन योग्यता ( उचाई, तौल आदी ) भएको व्यक्ति हुनुपर्ने । नेपालको सुरक्षा निकायको पदमा काम गरिसकेका हरुलाई प्राथमिकता दिइनेछ ।

२. आवश्यक काजगातः व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण पत्र, काउन्सिल दर्ता प्रमाणपत्र, हलुका सवारी चालकको अनुमति पत्र, कार्य अनुभवको प्रमाणपत्रहरु स्वयम् उम्मेद्वारले दस्तखत गरेर प्रमाणित गरि पेश गर्नु पर्नेछ ।

३. छनौट सम्बन्धी व्यवस्थाः **चुलाचुली गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि,** २०७९ बमोजिम हुनेछ । उल्लेखित पदहरुको छनौट गर्न नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएको कानुनहरुको हकमा सोही कानुन बमोजिम हुनेछ ।

४. दरखास्त दिने अन्तिम मितिः २०८०/०९/०१ गते कार्यालय समयभित्र ।

५. परिक्षा दस्तुरः

क) मेडिकल अधिकृतः रु २००० (दुई हजार)

ख) कृषि प्रसार अधिकृतः रु १२०० (बाह्र ~~हजार~~ सय)

ग) हेल्थ असिष्टेन्ट, स्टाफ नर्स र ल्याव असिसटेन्ट : रु ५०० (पाँच सय) ।

घ) नगर प्रहरी तथा हलुका सवारी चालक (एम्बुलेन्स) : रु ४०० ( चार सय) ।

६. तलबः कार्यपालिका बैठकको निर्णयानुसार ।

७. उमेरः

क) मेडिकल अधिकृत तथा कृषि प्रासर अधिकृतः २१ बर्ष पुरा भई ३५ बर्ष (महिलाको हकमा ४० बर्ष) ननाघेको हुनुपर्नेछ ।

ख) हेल्थ असिष्टेन्ट, स्टाफ नर्स, ल्याव असिसटेन्ट, हुलुका सवारी चालक( एम्बुलेन्स): १८ बर्ष पुरा भई ३५ बर्ष (महिलाको हकमा ४० बर्ष) ननाघेको हुनुपर्नेछ ।

ग) नगर प्रहरीः १८ बर्ष पुरा भई ३५ बर्ष (महिलाको हकमा ४० बर्ष) ननाघेको हुनुपर्नेछ ।तर नेपाल सरकारको सुरक्षा निकायमा काम गरेका हरुको हकमा ४५ बर्ष ननाघेको हुनुपर्नेछ ।

८. परिक्षा मिति तथा विधिः पछि प्रकाशन गरिनेछ।

९. करार अवधिः २०८० पौष मसान्त सम्म ।

१०.दरखास्त फाराम तथा अन्य थप जानकारीका लागि गाउँपालिकाको website: https://chulachulimun.gov.np मा हेर्न वा यस गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ । सूचनामा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।